# सामाजिक व्यवहार सुधार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : सामाजिक व्यवहारमा अनुत्पादक खर्च तथा भड्किलो प्रदर्शन गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी सर्वसाधारण जनताको आर्थिक हित कायम गर्न तथा सामाजिक व्यवहारलाई सरल, स्वच्छ, मितव्ययी एवं मर्यादित बनाउने सम्बन्धमा प्रचलित कानूनलाई समयानुकूल परिमार्जन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सामाजिक व्यवहार सुधार ऐन, २०७१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तिलक" भन्नाले वैवाहिक सम्बन्ध कायम राख्नका लागि कुनै एक पक्षले अर्को पक्षबाट लिए वा दिएको वा लिन वा दिन तय गरेको सम्पत्ति सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "दाइजो" भन्नाले विवाहको सिलसिलामा दुलही पक्षले दुलही वा दुलाहालाई दिएको वा दिन कबुल गरेको उपहार, भेटी, सौगात, दान वा अन्य कुनै नामबाट दुलही वा दुलाहालाई दिएको वा दिन कबुल गरेको सम्पत्ति सम्झनु पर्छ।

(घ) "दुलही पक्ष" भन्नाले दुलही वा दुलहीको आमा, बावु, बाबुपट्टीको हजुरबुबा वा हजुरआमा, दाजु, भाउजू, भाई, भाई-बुहारी, दिदी, बहिनी, काका, काकी सम्झनु पर्छ र सो शब्दले दुलही अन्य व्यक्तिको संरक्षकत्वमा रहेको भए त्यस्तो व्यक्ति समेतलाई जनाउँछ।

(ङ) "दुलाहा पक्ष" भन्नाले दुलाहा वा दुलाहाको आमा, बाबु, बाबुपट्टीको हजुरबुबा वा हजुरआमा, दाजु, भाउजू, भाई, भाई-बुहारी, दिदी, बहिनी, काका, काकी सम्झनु पर्छ र सो शब्दले दुलाहा अन्य व्यक्तिको संरक्षकत्वमा रहेको भए त्यस्तो व्यक्ति समेतलाई जनाउँछ।

(च) "सम्पत्ति" भन्नाले चल तथा अचल सम्पत्ति सम्झनु पर्छ।

(छ) "सामाजिक व्यवहार" भन्नाले जन्मउत्सव, विवाह, विवाह सम्बन्धमा विवाह अघि वा पछि गरिने कार्यक्रम, मृत्युसंस्कार, पितृमातृ कार्य वा आफ्नो कूल, रित, धर्म वा संस्कृति अनुसार गरिने अन्य कार्य वा समारोह सम्झनु पर्छ।

३. **तिलक लिन वा दिन नहुने** : (१) कसैले वैवाहिक सम्बन्ध कायम गर्नको लागि तिलक माग्न, लिन, दिन वा दिन कबुलगर्न हुँदैन।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) तिलक लिई दिई सकेकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय, र

(ख) तिलक लिई दिई नसकेकोमा पचास हजार रूपैयाँसम्म जरिवाना वा डेढ महिनासम्म कैद वा दुवै सजाय ।

४. **दाइजो तथा गरगहनामा नियन्त्रण** : (१) दुलाहा पक्षले दुलही पक्षसँग दाइजो माग्न वा लिन हुँदैन । दुलही पक्षले पनि दाईजो दिन वा दिन कबुलगर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुलाहा पक्षले दुलहीलाई कपडा तथा बढीमा चालीस ग्राम सुन वा सो बराबरको प्रचलित मूल्यले हुने रकमको गरगहना र दुलही पक्षले दुलाहा पक्षलाई बढीमा बीस ग्राम सुन वा सो बराबरको प्रचलित मूल्यले हुने रकमको गहना र तोकिएको रकम सम्मको कपडा तथा अन्य जिन्सी सामान राजीखुशीले दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) उल्लङ्घन गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) दाईजो लिई दिई सकेकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय, र

(ख) दाईजो लिई दिई नसकेकोमा पचास हजार रूपैयाँसम्म जरिवाना वा डेढ महिनासम्म कैद वा दुवै सजाय ।

५. **तिलक वा दाइजो लिने दिने गरी भएको सम्झौता बदर हुने** : दाइजो वा तिलक लिने वा दिने गरी भएको सम्झौता स्वतः बदर भएको मानिनेछ ।

६. **विवाह गर्न इन्कार गर्न वा बाधा अवरोध पुऱ्याउन नहुने** : (१) दुलाहा वा दुलही पक्षले तिलक वा दाइजो नदिएको वा कम दिएको वा दिन कबुल नगरेको कारणले दुलाहा पक्ष वा दुलही पक्षले विवाह गर्न गराउन इन्कार गर्न वा सो उद्देश्यले बाधा अवरोध पुऱ्याउन हुँदैन ।

(२) तिलक वा दाइजो नदिएको, कम दिएको वा दिन कबुल नगरेको कारणले दुलाहा पक्ष वा दुलही पक्षले देहायको कार्य गर्न हुँदैन :-

(क) विवाह भए पछि दुलाहा पक्षले दुलहीलाई विदाई गराई आफ्नो साथमा लैजान इन्कार गर्न वा दुलही पछिमात्र विदाई गराई लैजाने प्रथा भएकाको हकमा पछि विदाई गराई लैजान इन्कार गर्न वा सो उद्देश्यले कुनै बाधा अवरोध पुऱ्याउन,

(ख) विवाह भएपछि दुलही पक्षले दुलाहासाथ जान वा पठाउन इन्कार गर्न वा दुलही पछि मात्र विदाई गर्ने प्रथा भएकाको हकमा पछि विदाई भई जान वा पठाउन इन्कार गर्न वा सो उद्देश्यले कुनै बाधा अवरोध पुऱ्याउन ।

(३) उपदफा (१) वा (२) उल्लङ्घन गर्नेलाई एक लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

७. **आमन्त्रित व्यक्तिले दिन सक्ने उपहार** : (१) सामाजिक व्यवहारमा आमन्त्रित व्यक्तिले प्रत्येकको लागि उपहार स्वरुप तोकिए बमोजिम नगद वा सो मूल्य बराबरको जिन्सी दिन सक्नेछ ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

८. **विवाह सम्बन्धी कार्यक्रमको निधो** : (१) विवाह सम्बन्धी कार्यक्रमको निधोको लागि आयोजित कार्यक्रममा दुलाहा पक्षबाट दुलाहा बाहेक पच्चीस जना र दुलही पक्षबाट दुलही वाहेक पैंतीस जना भन्दा बढी सहभागी हुनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा दुलाहा पक्ष वा दुलही पक्षले खुशीराजीले दुलाहा वा दुलहीलाई दश ग्राम भन्दा बढी सून वा सो को प्रचलित मूल्य बराबरभन्दा बढीको अन्य उपहार दिन लिन हुँदैन ।

(३) उपदफा (२) बमोजिम दुलाहा वा दुलही बाहेक अन्य व्यक्तिलाई नगद वा जिन्सी उपहार दिन वा लिन हुँदैन ।

(४) यो दफा उल्लङ्घन गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) उपदफा (१) उल्लङ्घन गर्नेलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना,

(ख) उपदफा (२) उल्लङ्घन गर्नेलाई विगो जफत गरी विगोको दोब्बर जरिवाना, र

(ग) उपदफा (३) उल्लङ्घन गर्नेलाई विगो जफत गरी पच्चीस हजार रूपैयाँसम्म जरिवाना ।

९. **आर्थिक दायित्व व्यहोर्न वा व्यहोर्न लगाउन नहुने** : (१) दुलाहा वा दुलहीको पक्षबाट विवाहमा लागेको वा लाग्ने खर्च वा पढाई, व्यापार, व्यवसाय वा व्यक्तित्व विकासमा लागेको वा लाग्ने खर्च दुलाहा वा दुलही पक्षले अर्को पक्षसँग माग्न वा लिन वा दिन हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई विगो खुलेकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय र विगो नखुलेकोमा एक लाख रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१०. **जन्ती वा बरियातमा नियन्त्रण** : (१) विवाहमा बाजावाला र भरिया सहित एक सय पचास जनाभन्दा बढी जन्ती वा बरियात लैजान हुँदैन ।

(२) विवाहमा नेपाल सरकारको सेवामा बहाल रहेको राष्ट्रसेवकलाई बाजावालाको रुपमा भाग लिन लगाउनु हुँदैन ।

(३) दुलाहा पक्ष वा दुलही पक्षले जन्ती वा बरियात जानेहरुलाई नगद वा जिन्सी उपहार दिन हुँदैन ।

तर जन्ती वा वरियात साथ लैजाने भरिया र बाजावालाहरुलाई दुलाहा पक्षले ज्यालाको रुपमा नगद वा जिन्सी दिन बाधा पर्ने छैन ।

(४) उपदफा (१), (२) वा (३) उल्लङ्घन गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

११. **भोजमा नियन्त्रण** : (१) देहायका सामाजिक व्यवहारको लागि गरिने भोजमा देहायको सङ्ख्या भन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्नु हुँदैन :-

(क) विवाहको भोजमा तीन सय पचास जना,

(ख) विवाह बाहेकको अन्य सामाजिक व्यवहारमा गरिने भोजमा एक सय जना ।

तर विशुद्ध धार्मिक, सामाजिक कार्य वा कल्याणकारी कामको निमित्त खर्च जुटाउने उद्देश्यले सामूहिक रुपमा आयोजना गरिने कार्यका हकमा यो बन्देज लागू हुने छैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क) उल्लङ्घन गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिवाना, र

(ख) खण्ड (ख) उल्लङ्घन गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

१२. **हिसाव देखाउनु पर्ने** : (१) सामाजिक व्यवहार गर्ने व्यक्तिले त्यस्तो व्यवहार सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र आफूले गरेको सामाजिक व्यवहार र त्यसमा गरेको खर्चको विवरण सम्बन्धित स्थानीय निकाय समक्ष पेश गर्नु पर्नेछ ।

**स्पष्टिकरण** : यस दफा र दफा २४ मा उल्लिखित "सम्बन्धित स्थानीय निकाय" भन्नाले नगरपालिकाको हकमा सम्बन्धित वडा समिति र गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिलाई जनाउँछ ।

(२) सामाजिक व्यवहारको सिलसिलामा भोजको लागि आमन्त्रण गरिएका व्यक्तिहरुको लगत तथा खर्चको विवरण सम्बन्धित प्रमुख जिल्ला अधिकारीले माग गर्न सक्नेछ र त्यसरी मागिएको विवरण सम्बन्धित व्यक्तिले सूचना पाएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण पेश नगर्ने वा झुठो विवरण पेश गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१३. **खर्चको सीमा तोक्न सक्ने** : (१) यस ऐनमा अन्यथा उल्लेख भएकोमा बाहेक सामाजिक व्यवहारमा गर्न पाइने खर्चको सीमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सीमा भन्दा बढी खर्च गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१४. **भड्किलो रुपमा घर सजाउन नहुने** : (१) सामाजिक व्यवहार गर्दा सो उपलक्ष्यमा तोकिएको रकम भन्दा बढी रकम खर्च हुने गरी भड्किलो रुपमा वत्ती बाली घर सजाउन हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१५. **निमन्त्रणा कार्डमा नियन्त्रण** : (१) सामाजिक व्यवहार गर्दा निमन्त्रणा गर्ने प्रयोजनको लागि निमन्त्रणा कार्ड छपाउँदा प्रत्येक कार्डको लागि तोकिए बमोजिमको रकम मात्र खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१६. **दुरुत्साहन वा षडयन्त्र गर्न नहुने** : (१) यस ऐनले निषेध गरेका कार्यहरु गर्न गराउन कसैले कसैलाई दुरुत्साहन गर्न वा त्यस्तो कार्य गर्ने षडयन्त्र गर्नु हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

१७. **थप सजाय** : (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको ठहरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(२) यस ऐन बमोजिमको कसूर एक पटक भन्दा बढी गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजायमा प्रत्येक पटकको लागि पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

१८. **गोप्य राख्नु पर्ने** : यस ऐन बमोजिमको कसूरको सूचना दिने व्यक्तिले चाहेमा निजको नाम गोप्य राखिनेछ ।

१९. **मुद्दा दायर गर्ने म्याद** : यस ऐन अन्तर्गतको कसूर भए गरेको मितिले पैंतीस दिन भित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ ।

२०. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

२१. **मुद्दाको अनुसन्धान र दायरी** : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान नेपाल प्रहरीले गर्नेछ र यस्तो अनुसन्धानको काम पुरा गरी नेपाल प्रहरीले मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि मुद्दाको मिशिल सम्बन्धित सरकारी वकील समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त मिशिलमा मुद्दा चल्ने निर्णय भएमा सरकारी वकीलले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

२२. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदन** : (१) यस ऐन अन्तर्गतको मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर प्रचलित कानून बमोजिम सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

२३. **मुद्दाको कार्यविधि** : यस ऐन अर्न्तगतको मुद्दामा कारबाही किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले विशेष अदालत ऐन, २०५९ अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

२४. **अभिलेख राख्नु पर्ने** : (१) यस ऐन बमोजिम सजाय पाएको व्यक्तिको अभिलेख नेपाल सरकारले तोकेको कार्यालयले राख्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि मुद्दा हेर्ने अधिकारीले फैसलाको जानकारी उपदफा (१) बमोजिमको कार्यालयलाई र सम्बन्धित स्थानीय निकायलाई दिनु पर्नेछ ।

२५. **पुरस्कार** : यस ऐनको उल्लङ्घन गर्ने व्यक्तिबाट जफत भएको विगो र निजलाई भएको जरिवाना वापत प्राप्त रकमको पच्चीस प्रतिशतले हुने रकम सम्बन्धित उजूरकर्तालाई पुरस्कार स्वरुप दिइनेछ ।

तर,

(१) त्यस्तो पुरस्कारको रकम पच्चीस हजार रुपैयाँभन्दा बढी हुने छैन ।

(२) एउटा सामाजिक व्यवहारको उल्लङ्घनका सम्बन्धमा एक भन्दा बढी व्यक्तिको उजूरी परेमा सबै उजुरीकर्तालाई समानुपातिक हिसाबले पुरस्कार उपलब्ध गराइनेछ ।

२६. **झुट्टा उजुर गर्नेलाई सजाय** : (१) कसैले झुट्टा कुरा लेखी उजूरी गरेको ठहर भएमा त्यस्तो व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

तर त्यसरी सजाय गर्दा कसूरदारलाई हुने सजायको आधा भन्दा बढी सजाय हुने छैन ।

(२) कसैले मनासिब कारण नभई रिसईवीले झुट्टा उजूर गरेको कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा मुद्दा हेर्ने अधिकारीले मुद्दाको अवस्था हेरी उजुरकर्ताबाट दश हजार रुपैयाँसम्म त्यसै मुद्दाबाट प्रतिवादीलाई क्षतिपूर्ति भराई दिन सक्नेछ ।

२७. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐन बमोजिम कसूर मानिने कुनै काम अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

२८. **नियम बनाउने अधिकार** :यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२९. **खारेजी र बचाउ** : (१) सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ खारेज गरिएको छ ।

(२) सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ बमोजिम भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।